# भोटेकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृति कोष कार्यविधि २०७९

गाउँसभावाट स्वीकृत मिति : २०७९/०९/२९

## परिच्छेद १

### प्रस्तावना

२१ औं शताव्दि विज्ञान प्रविधिका जगमा सुचना प्रविधिको उच्च र द्रुततर विकास भएको वर्तमान परिप्रेक्ष्यमा विज्ञान तथा प्राविधिक धारका जनशक्तिको चरम अभाव रहेको छ । भोटेकोशी गाउँपालिका आफैमा भौगोलिक विकटता जस्ता अनेकन कारणले गर्दा आवश्यक प्रविधिक जनशक्तिको ठुलो मात्रामा कमि रहेको छ ।यसर्थ क्षमता र योग्यता भएर पनि कतिपय विद्यार्थीहरु आर्थिक अभावका कारण उच्च शिक्षा अझ विशेषगरी विज्ञान तथा प्राविधिक विषयको शिक्षा प्राप्त गर्नवाट वञ्चित भएको छ । साधारण शिक्षा र प्राविधिक शिक्षा विचको दुरीलाई कम गरि विपन्न, महिला, जनजाति, दलित, अपांग लगायतका सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई पनि प्राविधिक सिप क्षमता विकासमा समान अवसर प्रदान गर्दै प्राविधिक क्षेत्रमा दक्ष प्रतिपर्धी तथा सिपयुक्त प्राविधिक जनशक्ति उत्पादन गरी विकास निर्माणमा स्थायित्व तथा सेवा प्रवाहमा सुलभताका साथै सवैका लागि प्राविधिक शिक्षामा समान अवसर प्रदान गर्न वाञ्छनीय भएकाले भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली २०७५ को दफा १११ बमोजिम भोटकोशी गाउँपालिकाले "**भोटेकोशी गाउँपालिका प्राविधि शिक्षा छात्रवृत्ति कोष कार्यविधि २०७९**" निर्माण गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम "**भोटेकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृत्ति कोष कार्यविधि २०७९**" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२) परिभाषा र व्याख्या :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले भोटेकोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले भोटेकोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "शिक्षा समिति" भन्नाले भोटेकोशी गाउँपालिका शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) “अध्यक्ष” भन्नाले भोटेकोशी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ यो शब्दले गाउँ शिक्षा समिति अध्यक्षलाई समेत बुझाउँछ ।

ङ) “उपाध्यक्ष” भन्नाले भोटेकोशी गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) “अधिकृत” भन्नाले भोटेकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “शिक्षा अधिकृत वा विद्यालय निरीक्षक” भन्नाले भोटेकोशी गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज) “कोष” भन्नाले भोटेकोशी गाउँपालिकाको भोटेकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृत्ति कोष सम्झनु पर्छ ।

झ) “शिक्षा शाखा” भन्नाले भोटेकोशी गाउँपालकिाको शिक्षा यूवा तथा खेलकुद शाखा लाई सम्झनु पर्छ ।

ञ) “ छात्रवृति कार्यान्वयन समिति” भन्नाले दफा ४.१ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

३. उद्देश्य :

यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्ः

क) गाउँपालिकाको विज्ञान, प्राविधिक तथा व्यावसायिक शिक्षामा टेवा पुऱ्याउन ।

ख) विज्ञान लगायतका प्राविधिक तथा व्यावसायिक शिक्षामा समान अवसर प्रदान गर्नु ।

ग) गाउँपालिकामा देखिएको प्राविधिक तथा व्यावसायिक जनशक्तिको कमी पुर्ति गर्न ।

४) समिति गठन गर्न सक्ने :

४.१ छात्रवृत्ति कोष कार्यान्वयन समिति यो कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँपालिका स्तरमा देहाय बमोजिमको छात्रवृत्ति कोष निर्णायक समिति रहनेछ ।

क) अध्यक्ष – संयोजक

ख) उपाध्यक्ष - सदस्य

ग) सामाजिक विकास समिति संयोजक - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) शिक्षा समितिका सदस्यहरुमध्ये बाट सो समितिले सिफारिस गरेको एक जना -

सदस्य

च) शिक्षा अधिकृत /विद्यालय निरीक्षक - सदस्य सचिव

४.२ समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

४.३ छात्रवृत्ति व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

४.४ वैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

४.५ समितिको काम, कर्तव्य र अधिकार :

क) छात्रवृति वितरणका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।

ख) आवेदकको निवेदन र कागजातको रितपूर्वक अध्ययन गरि अनुसूची ३ वमोजिमको मापदण्डको आधारमा निर्णय गर्ने ।

ग) कोषको संरक्षण, संम्वर्द्धन र प्रवर्द्धन गर्ने ।

घ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

४.६ शिक्षा,यूवा तथा खेलकुद शाखाको कार्य :

छात्रवृति कार्यान्वयनको लागि शिक्षा,यूवा तथा खेलकुद शाखाको कार्य देहायवमोजिम हुनेछ ।

क) छात्रवृति कोष कार्यान्वयन समितिको निर्णय वमोजिम सूचना प्रकाशन गर्ने ।

ख) आवेदकको निवेदन संकलन गरि छात्रवृति कोष कार्यान्वयन समितिको वैठकमा पेश गर्ने ।

ग) छनौट भएका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने ।

घ) छात्रवृति कोष कार्यान्वयन समितिको निर्णय वमोजिम अन्य कार्य गर्ने ।

४.६  छात्रावृति कोटा सम्वन्धमा :

क) प्रतिवर्ष कम्तीमा ३ जना विज्ञान तथा प्राविधिक विषय अध्ययन गर्ने छात्र/छात्रालाई छात्रावृति उपलव्ध गराइनेछ ।

ख) धेरै प्रतिस्पर्धी भएमा अनूसुची ३ वमोजिम मापदण्डका आधारमा वढिमा १० जनालाई छात्रवृति रकम उपलव्ध गराइनेछ ।

## परिच्छेद ३

५. छात्रवृति छनोट प्रक्रिया :

क) यो छात्रवृत्ति इन्टरमेडियट र ग्रयाजुएट लेभलमा विज्ञान तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीका लागि मात्र उपलब्ध गराइनेछ ।

ख) छात्रबृत्ति प्राप्त गर्न चाहने बिद्यार्थीले अनुसूची १ वमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

ग) छात्रवृति प्राप्त गर्न आवेदकले अनुसूची २ अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

६. छात्रवृति रकम :

छात्रवृति रकम देहाय वमोजिम वितरण गरिनेछ ।

क) इन्टरमेडियट अध्ययन गर्न प्रतिवर्ष वढिमा रु ५० हजारको दरले वढिमा ३ वर्षसम्म ।

ख) ग्रयाजुएट अध्ययन गर्न प्रतिवर्ष वढिमा रु १ लाखको दरले वढिमा ५ वर्षसम्म ।

७. शर्त तथा वन्देजहरु :

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न सर्त तथा बन्देजहरु लागू हुनेछन् ।

क) छात्रवृतिमा छनौट भएको विद्यार्थीले मात्र छात्रवृति प्राप्त गर्नेछ ।

ख) कुनै कारणवश विद्यार्थीले अध्ययन वीचैमा छाडेमा वा अन्य काराणले अध्ययन निरन्तर हुन नसकेमा छात्रवृति दिइनेछैन ।

ग) एकै सगोल घर भएका परिवारको एक जनाले मात्र एकपटक मात्र छात्रवृति पाउन योग्य हुनेछ ।

घ) छात्रवृतिको कार्यक्षेत्र भोटकोशी गाउँपालिकाको स्थायी वासिन्दाको हकमा मात्र लागु हुनेछ ।

ङ) नेपाल सरकार वा अन्य कुनै किसिमको निशुल्क  छात्रवृतिमा अध्ययन गरिरहेको विद्यार्थीको हकमा यो कार्यविधि लागु हुने छैन ।

च) भोटकोशी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयवाट माध्यमिक तह पुरा गरेको हुनुपर्नेछ ।

छ) अन्यत्र जे व्यवस्था भएतापनि शारिरीक वा मानसिक रुपमा अशक्त विद्यार्थीको हकमा साधारण विषयमा प्रविणता प्रमाणतह/ +2  र स्नातक अध्यापनरत विद्यार्थी पनि प्राविधिक छात्रवृतिका लागि योग्य हुनेछ ।

## परिच्छेद  ४

८.विविध

८.१ वैठक भत्ता : छात्रावृति कोष निर्णायक समितिमा वा सो काममा खटिने कर्मचारीले गाउँपालिकाको कार्यविधि वमोजिम वैठक भत्ता उपलव्ध गराइनेछ ।

८.२ बाधा अड्काउ फुकाउ : यो कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्न सक्नेछ । त्यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिनेछ ।

८.२ बचाउ : यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियमबमोजिम हुनेछ ।

## अनुसूची १

(सम्बन्धित आवेदकले दिने निवेदनको ढाँचा)

मितिः ...../ .... / ....

श्रीमान् कार्यालय प्रमुख ज्यू,

भोटकोशी गाउँपालिकाको कार्यालय,

फुल्पिङकट्टि, सिन्धुपाल्चोक ।

विषयः .... .... .... ... विषय अध्ययन गर्न भोटकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा ..............................................विषयमा अध्ययन गर्न शैक्षिक सत्र ............ मा ................ ....................................................... क्याम्पस/कलेजमा भर्ना भइ नियमित अध्ययन कार्य सुरु भइसकेको हुनाले निम्न विवरण सहित छात्रवृत्ति उपलब्ध गराइ पाँऊ ।

१. विद्यार्थीको नाम, थर :

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना :

९क) प्रदेश नं. :

९ख) जिल्ला :

ग) गाउँपालिका :

३. अभिभावकको नाम थर :

९क) बाबुको नाम, थर :

९ख) पेशा :

९ग) आमाको नाम, थर :

९घ) पेशा :

४. विद्यार्थी वा निजको अभिभावकको सम्पर्क नम्वर :

५. यस अघि कुनै छात्रवृत्ति पाए/नपाएको :

६. SEE वा Intermediate level को ग्रेड :

७. एकाघर संगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको :

८. गरिवी परिवार परिचय पत्र भए वा नभएको :

९. आफूले कुन समूहको भन्न रुचाउनुहुन्छ । कुनै एक वटामा रेजा लगाउनुहोस :

क) महिला (ख जनजाति ) (ग दलित ) (घ) अपाङ्गता

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन् फरक परे कानून बमोजिम सँहुला बुझाउला ।

निवेदक :

दस्तखत : ............................

नाम : ................................

ठेगाना : .........................

## अनुसूची २

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूको विवरण :

१. SEE वा Intermediate level उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि,

२. Intermediate level वा GRADUATE level मा भर्ना भएको प्रमाणपत्रको प्रतिलिपि

३.नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

४.जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि,

५. विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको प्रमाणित छाँयाप्रति,

६. सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उक्त विद्यालय सामुदायिक हो भनी सवन्धित वडाले दिएको सिफारिस पत्र ।

## अनुसूची ३

छात्रवृतिको छनौटको मापदण्ड :

भोटकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि देहाय वमोजिमको मापदण्डका आधारमा छनोट गरिनेछ ।

१. शैक्षिक योग्यता वापत : C ग्रेड : ५ अंक

C+ ग्रेड : ६ अंक

B ग्रेड : ७ अंक

B+ ग्रेड : ८ अंक

A ग्रेड : ९ अंक

A+ ग्रेड : १० अंक

२. महिला : २ अंक

३. जनजाति : २ अंक

४. दलित : ३ अंक

५. अपाङ्गता : २ अंक

६. . सिमान्तकृतः ३ अंक

७. गरिवी पहिचान : ३ अंक